जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १४२ • २०८१ चैत्र १ गते शुक्रवार • 14 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

# मधेसमा सुनिदैन अब होली पर्वको 'जोगिरा' गितहरु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ फागुन**



"कौनतालपर ढोलक बाजे कौन ताल मृदङ्ग ? कौनतालपर गोरिया नाचे कौन तालपर हम ? जोगीरा सर र र !!!" (कुन तालमा ढोलक बज्छ, कुन तालमा मृदंग, कुन तालमा कान्छी नाच्छे कुन तालमा) वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेम भाव भएको होली गीत गाउने मानिसको अभावको कारण लोप हुँदै गएको छ । होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ।

मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होलीपर्व खेल्नेहरुबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साह बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'होलीपर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ । सङ्गीत बिनाको होलीको परिकल्पना नै गर्न सकिदैन। भनिन्छ होली पर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो ।' मिथिलानगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतो पुर्खौली बाजा मृदङ्ग बजाई फागु गीत (जोगिरा) गाउन नपाएकामा दुःखी मनले भन्नुभयो, 'पहिले यस्ता जोगिरा वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागु पर्वको आगमन भएको बारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बूढापाकाको कमी भएका कारण न त त्यति मात्रामा ढोल मृदङ्ग नै बज्छ, न त फागु गीत नै गाइन्छ।' 'यसपालिको होली मुखमा आइसक्यो, न डम्फू बज्छ..न जोगिरा..का स्वर नै सुनिन्न !' वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७५ वर्षीय रामभरोसी यादवले भन्नुभयो। उहाँ भन्नुहुन्छ,'मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, बाँचेका हामीहरु पनि बुढा भएर थलिएका छौँ तर अझै गाउने त रस छ, तर साथदिने कोही छैनन्।' वसन्त पञ्चमीसँगै होली (फागु) पर्वको सन्देश छर्ने जोगिरा...अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ । हरिहरपुरका ६५ वर्षीय रामदुलार महतोले आफ्नै शैलीमा जोगिरा सुनाउनुभयो, किनका के हाथकनक पिचकारी, किनका के हाथअबीर झोरी ? रामजी के हाथ मेंकनक पिचकारी, सियाजी के हाथअबीर झोरी '!! जोगिरा..सरररर..!!' (कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबिरको झोला ? रामजीको हातमा सुनजडित पिचकारी छ र सीताजीको हातमा अबिरको झोला) यस्ता पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् । होलिया (फागु गीतगाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलियाहरु बताउँछन्। सामाजिक छुवाछूत, ठूला-साना जात र भिन्न धर्म संस्कृतिप्रति माया गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोप हुँदै गएर अब 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेश कर्णले चिन्ता व्यक्त गर्नुभयो । मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होलीगीत शुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा परिक्रमा यात्रीले एकापसमा रङ अबिर खेलेपछि होली पर्व मनाउन थालिने परम्परा छ । पौराणिक कथानुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजाभएकाले आफूलाई देवताभन्दा ठूलो हुँभन्ने घमण्ड गर्थे । उनका छोरा प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए। हिरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णुभक्तिबाट अलग गराउन होलिकासँगै आगामा जलाउँदा होलिका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन। सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फाल्गुण शुक्लपूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढांइँ गर्ने र भोली पल्ट होली खेल्ने चलन रहि आएको भनाइ छ । जनकपुरधाम-१२ का सतीशलाल कर्ण भन्नुहुन्छ, 'होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार तथा उन्मुक्ति थियो तर अब उच्छृङ्खल गीतहरु आएकाले होलीमा माधुर्य र प्रेम भाव मिसिएको गीत बिरलै सुन्न पाइन्छ ।' दोहोरी गीत झैं गाइने जोगिरा र होलीका गीतका कारण तराई मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर अहिले ती गीत भने लोप हुने अवस्थामा पुगेका छन् । नवयौवना मात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक हुन्न । क्षीरेश्वरनाथ ७ हरिहरपुरका रामलाल महतोले भन्नुभयो, 'होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झै-झगडा, रागद्वेषको कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, मौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको छ। पौराणिकतासँग जोडिएको होली गीत हराउँदै गइरहेको छ।' पहिलेपहिले बुढापाकाले रात परेपछि गाउँको बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरकी लिएर समूहगत रुपमा होली गीत जोगिरा गाउने गरेको सखुवाबजारका ७० वर्षीय सत्यनाराण सिंह बताउनुहुन्छ। अब त्यो समय हराएर गएको छ। अधिकांश युवा कामका लागि खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिकाका पर्वताका अमरलाल कर्ण भन्नुहुन्छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

# यातायात कार्यालय जनकपुरको शिलान्यास



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ फागुन**

जनकपुर यातायात व्यवस्था कार्यालय तथा अत्याधुनिक ट्रायल सेन्टरको भुमिपुजन (शिलान्यास) गरिएको छ । जनकपुरधामको ज्ञानकुप स्कुल अगाडि सीता कुण्डले उपलब्ध गराएको एक विग्हा जग्गामा जनकपुर यातायात व्यवस्था कार्यालय तथा अत्याधुनिक ट्रायल सेन्टर को भुमिपुजन गरिएको हो।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह र श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले बिहीबार संयुक्त रुपमा भुमिपुजन गरेका छन् । यातायात व्यवस्था कार्यालय लामो समयदेखि मुजेलियास्थित भाडाको भवनमा संचालन हुँदै आएको छ। पाँच महिना अगाडि मात्रै जनकपुर आएका कार्यालय प्रमुख सिंहले सीता कुण्ड मातहत रहेका १ विग्हा जग्गा कार्यालयको लागि व्यवस्थापन गरेका हुन्। गुठी संस्थान काठमाण्डौमा जग्गा दिने सम्बन्धी सम्झौता भएपछि यातायात व्यवस्था कार्यालय भवन र अत्याधुनिक ट्रायल सेन्टर निर्माणका लागि भुमिपुजन कार्य सम्पन्न भएको हो । यसै आर्थिक वर्षदेखि निर्माण कार्य सुरु हुने कार्यालय प्रमुख सिंहले बताए। मुजेलियास्थित निजी जग्गामा रहेको ट्रायल सेन्टर यातायात कार्यालय भाडामा प्रयोग गर्दै आएको छ । आफ्नै भवन र ट्रायल सेन्टर निर्माण भएपछि प्रदेश सरकारको व्यय भार पनि घट्ने भएको छ।

**फागु पर्व उत्लास पूर्वक मनाऔं ।**

फागु रंग र उमंगको पर्व हो,
- सभ्य र मर्यादित भएर फागु पर्व मनाऔं,
- बलपूर्वक अरुलाई रंग नलगाऔं,
- कसैको सहमति बिना रंग तथा पानी छयाप्ने नगरौं,
- हानिकारक रंगको प्रयोग नगरौं,
- फागु पर्व मनाउने बहानामा अवाञ्छित गतिविधिमा संलग्न नबनौं,
- फागु पर्वको महत्व र गरिमा बढ्ने गरी यस पर्वलाई उल्लासमय बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय..................

# युवालाई स्वदेशमै अवसर देउ

*करिब एकसाताअघि विभिन्न देशमा जानका लागि तयारी गरिरहेका विद्यार्थीसँग मैले अन्तर्क्रिया गर्ने अवसर प्राप्त गरेको थिए । कलेज रित्तो पारेर कन्सल्टेन्सी धाइरहेका युवाको मनोविज्ञान के छ भन्ने ममा निकै जिज्ञासा दौडिरहेको थियो । युवाको विदेश पलायनका बारेमा गहिरा गहिरा अध्ययन र अनुसन्धान नभएका भने होइनन् तर पनि मलाई आफैंले महसुस गर्न मन थियो । खास गरेर नेपालमा केही पनि गर्न सकिन्न भन्ने अन्तिम निष्कर्षमा आजको युवा पुस्ता किन पुगिरहेको होला भन्ने प्रश्नले मलाई त्यहाँसम्म डोर्‍याएको थियो ।*

*आजको युवाले सोच जस्तो के नेपालमा केही पनि छैन त ? कहीँ कतै केही बिग्रेको छ भने आजको युवा पुस्ताले त्यसलाई मर्मत गरेर सही ढङ्गले अगाडि बढाउन सकिँदैन त ? किन आजको युवा पुस्ताले देख्ने बिग्रेको देशलाई सपार्नका लागि प्रयास गर्दैनन् त ? देश सपारेर सुन्दर बनाउनुभन्दा नागरिकतासमेत त्यागेर विदेशै जाने सोच राख्नु राम्रो हो त ? आममानिसका जस्तै साझा प्रश्न नै थिए मसँग । नेपालबाट अध्ययनका लागि विदेश जाने युवाको तथ्याङ्क उल्लेख गर्न नै डरलाग्दो खालको छ । कलेजका कक्षाकोठामा विद्यार्थी होइन बेन्च मात्रै छन् ।*

*कतिपय कलेज बन्दको अवस्थामा समेत पुगिसकेका छन् । कक्षा ११ र १२ अध्ययन गर्दै गरेको विद्यार्थीसँग विदेश जाने मात्रै सपना छ । विदेश जानु नै रहरलाग्दो जिन्दगी बाँच्नु हो । नेपाली युवाको विदेश पलायन रोक्नु हाम्रा लागि निकै चुनौतीपूर्ण कार्य हो तर असम्भव भने अवश्य पनि होइन । राज्यले युवामैत्री नीति अख्तियार गरेर युवालाई स्वदेशमै केही गर्ने अवसर सिर्जना गरेमा अवश्य पनि हाम्रा युवा विदेश जाने मोहबाट मुक्त हुने छन् । यसमा राज्यको नीति र त्यसको कार्यान्वयन मूल विषय हो ।*

# एसईई दिने विद्यार्थीहरुलाई शुभकामना कार्यक्रम सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ फागुन**

औरही नगरपालिका वडा नं. १ औरहीमा रहेको चिल्ड्रेन ग्लोरी पब्लिक एकाडेमी बिधालयमा एसईई दिने विद्यार्थीहरुलाई शुभकामना कार्यक्रम सम्पन्न गरिएको छ।२०८१ सालको माध्यमिक शिक्षा परीक्षा ( एसईई) मा संलग्न हुने विद्यार्थीहरुलाई बिहिवार एक कार्यक्रमका बीच बिदाई गरिएको छ। चिल्ड्रेन ग्लोरी पब्लिक एकाडेमी बिधालय औरही नगरपालिका १ औरहीमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुले एक कार्यक्रमको आयोजना गरि बिदाई गरेका हुन्।

बिदाई कार्यक्रममा बोल्दै विद्यालयका प्रिन्सिपल रबिन्द्र यादवले बिदाई भएर गएका विद्यार्थीहरुको सफलताको कामना गर्दै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुले भोलिका दिनमा भौतिक संरचना लगायत कुनैपनि सुविधामा कमी हुन नदिने बताए। उनले निकट भविष्यमा औरही नगरपालिका भित्रको उत्कृष्ट विद्यालय बनाउने प्रतिवद्ध समेत व्यक्त गरेका थिए। शुभकामना कार्यक्रममा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई उच्च अंक ल्याएर परीक्षा पास गर्ने हैासला मिलोस् भन्ने हेतुसहितका शुभकामना मन्तव्य र साँस्कृतिक प्रस्तुति देखाईएको थियो । सो अवसरमा एसईई दिने विद्यार्थीहरुलाई अविर र मायाको चिनो प्रदान गरिएको थियो । विदाई कार्यक्रममा बोल्ने शिक्षक तथा विद्यार्थीले एसईई परीक्षा दिने विद्यार्थीहरुलाई शैक्षिक प्रगतिको शुभकामना दिएका छन्। कार्यक्रममा विद्यालयका संस्थापक सदस्य तथा शिक्षक कृष्ण प्रसाद गौतम,शिक्षक नारायण गौतम,सुनिल चौधरी,धिरज झा,सबिर साफी,शिक्षिका सिता गौतम लगायतले सानैबाट आफुले पढाएको विद्यार्थीलाई विदाई गर्दा असहय पीडा भएको बताएका थिए। उनीहरुले उच्च शिक्षाको लागि तयार भएका विद्यार्थीहरुको उज्वल भविष्यको कामना गरेका थिए। कार्यक्रममा विद्यार्थीहरुको तर्फबाट कक्षा १० का हिराज यादवले आफ्ना अनुभव सुनाएकी थिइन्। कार्यक्रममा कक्षा ९ का विद्यार्थीहरुद्वारा संयुक्त रुपमा कक्षा १० का विद्यार्थीहरुलाई मायाको चिनो प्रदान गरी अविर तथा खादा ओढाएर विदाई गरेका थिए।

# मटिहानीमा पाँच सैयाको प्रसुति गृह अस्पतालको निर्माण कार्य सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ फागुन**

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वडा नम्बर ६ मटिहानीमा पाँच सैयाको प्रसुति गृह अस्पतालको निर्माण कार्य सम्पन्न भएको छ।

उक्त प्रसुति गृह भवन राष्ट्रिय योजना आयोगको विशेष अनुदान कार्यक्रम र मटिहानी नगरपालिकाको सहयोगमा करिब २ करोडको लागतमा निर्माण भएको उक्त प्रस्तुति गृह भवनमा ऑपेरशन कोठा-१, ल्क्ष्रृ कोठा-१, जेनेरल बेड कोठा-१, स्टाफ कोठा-१, फार्मेसी कोठा-१ लगायतका कोठाहरु रहेको कुरा इंजीनियर बिमलेश साहले बताउनुभयो ।यसै बीच नव-निर्मित उक्त प्रसुति गृह भवनमा नगर प्रमुख हरि प्रसाद मण्डल द्वारा आज धार्मिक बिधिवत पूजा गरिएको छ । उक्त प्रस्तुति गृह भवन निर्माणले प्रसुति गृह संचालन गर्न र आम नागरिकलाई प्रसूती सेवा प्रदान गर्न सहज हुने बिश्वास प्रमुख मंडलले व्यक्त गर्नुभयो ।





**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युक्रेन युद्धविराम प्रस्तावबारे अमेरिकी सूचना पर्खिरहेको रूसको भनाइ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ फागुन**



रूसले साउदी अरबमा भएको वार्तापछि किएभ सहमत भएको युक्रेनमा प्रस्तावित युद्धविरामको विस्तृत विवरणबारे अमेरिकाले जानकारी गराउने प्रतिक्षा गरिरहेको क्रेमलिनले जनाएको छ।

युक्रेनले ३० दिने युद्धविरामको सुझावलाई समर्थन गर्दै रुससँग तत्काल वार्ता गर्न सहमत भएपछि वासिङ्टनले अब बल मस्कोको कोर्टमा पुगेको बताएको छ। जेद्दाह वार्तापछि अमेरिकाले युक्रेनलाई दिइँदै आएको सैन्य सहायतामा लगाइएको प्रतिबन्ध फुकुवा गरेको थियो । मस्को युद्धविरामका लागि सहमत हुन्छ कि हुँदैन भन्ने प्रश्नमा क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारलाई भने, "तपाईहरू धेरै अघि बढ्नुभयो।"

उनले थपे, "हामीले आगामी दिनमा अमेरिकीहरूसँग सम्पर्क गर्ने योजना बनाएका छौं, जुन अवधिमा हामी सम्पूर्ण जानकारी प्राप्त गर्ने मा भरोसा गर्दछौं।" पेस्कोभल भने, "अमेरिकी विदेशमन्त्री मार्को रुबियो र सल्लाहकार माइकल वाल्जले आगामी दिनमा विभिन्न च्यानलहरू मार्फत हामीलाई वार्ता र भएका समझदारीहरूको बारेमा जानकारी दिनेछन् भन्ने हामी अनुमान गरेका छौं।" युक्रेनसँगको वार्तामा संलग्न अमेरिकी अधिकारीसँग 'उच्चस्तरीय' फोन वार्ता हुने सम्भावनालाई स्वीकार्दै उनले भने, "अमेरिकासँगको कुराकानी पछि यस सदर्भमा के गर्ने भन्ने निर्णय गर्नु उपयुक्त होला।"

# १० वर्षपछि इमरानको बलिउडमा कम्ब्याक, भूमि नायिका

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ फागुन**



आमिर खानका भतिजा इमरान खान १० वर्षपछि बलिउड उद्योगमा फर्किने भएका छन् । अभिनेताको नेटफ्लिक्स फिल्म प्रि-प्रोडक्सनमा छ । उनको आगामी फिल्मको नाम 'ह्याप्पी पटेल' हो ।

यो फिल्मलाई आमिर खानले निर्माण गरिरहेका छन् भने वीर दासले निर्देशन गरिरहेका छन् । इमरान खानको पहिलो फिल्म जाने तु या जाने ना पनि आमिर खानले नै निर्माण गरेका थिए । उनले २०११ मा रिलिज भएको फिल्म दिल्ली बेलीमा वीर दाससँग काम गरेका थिए। एचटी सिटीको रिपोर्ट अनुसार फिल्मको छायांकन अप्रिलमा सुरु हुनेछ। रिपोर्टहरूले बताएअनुसार प्लेटफर्मले यस सम्बन्धमा पहिलो घोषणा आफैँ गर्न चाहन्छ। इमरान खानको अपोजिटमा बन्ने फिल्ममा भूमि पेडनेकरलाई मुख्य भूमिकाको लागि पक्का गरिएको छ। सेप्टेम्बरमा दानिश आलमले फिल्मको पटकथा लेख्ने समाचार आएको थियो। फिल्मसँग नजिकको अर्को स्रोतका अनुसार उनीहरूले यो परियोजनालाई स्ट्रिमिङ प्लेटफर्ममा ल्याउने निर्णय गरेका छन् । जानकारी अनुसार नेटफ्लिक्सले पहिलो नजरमा नै फिल्मलाई स्वीकृत गरेको छ । तर त्यतिन्जेलसम्म फिल्मको पटकथा पूर्ण रूपमा तयार भइसकेको थिएन । त्यसैले, निर्माताहरू र स्ट्रिमिङ प्लेटफर्मबिच अहिलेसम्म कुनै सम्झौतामा हस्ताक्षर भएको छैन । पटकथा स्वीकृत भएपछि मात्र सम्झौतामा हस्ताक्षर हुनेछ ।

# जलेश्वर नगरपालिकाको कार्यालयमा होलि शुभकामना आदान प्रदान




**आरजे इर्शाद शेख**
**महोत्तरी, २९ फागुन**

महोत्तरी जिल्लाको जलेश्वरमा नगर पालिका कार्यालयको आयोजनामा नगरपालिका परिवार,जनसमुदाय सम्पूर्ण सम्माननीय नगरवासी, कर्मचारी, शिक्षक,व्यापारी,तथा जनप्रतिनिधिहरुमा आज एक अर्कालाई अविर लगाई होलीको शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ।

कार्यक्रममा नगर प्रमुख सुरेश साह सोनार,उप प्रमुख रौशन खातुन, प्रशासकीय अधिकृत जय कुमार साह, जनप्रतिनिधि, सुरक्षाकर्मी लगायत समेतको उपस्थिति रहेको थियो।

कार्यक्रममा नगर प्रमुख सोनारले सबैमा सुभकामना दिदै होलि पर्व भनेको अविस्मरणीयक तथा महत्वपूर्ण हो, जसले सम्पुर्णमा आत्मीयता तथा सुमधुर सम्बन्ध कायम राख्ने तथा एकताका प्रतीक मानिन्छ। साथै एकदमै शान्त बाताबरणमा साथीभाइ, इष्ट, मित्र, नातेदारहरु संग होलिमा रमाउनु पर्छ।

कुनै किसिमको नकारात्मक प्रभाव नपर्ने कार्य हुदैन भनी आग्रह गरि शुभकामना व्यक्त गर्नुभयो।

# वुमन्स डे कप : युगाण्डासँग लज्जास्पद हारसँगै नेपाल फाइनल होडबाट बाहिर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ फागुन**



युगाण्डामा जारी चार देश सम्मिलित वुमन्स डे कपमा नेपालले चौथो हार व्यहोरेको छ। आज भएको खेलमा युगाण्डासँग ४० रनले पराजित भएसँगै नेपाल फाइनल होडबाट पनि बाहिरिएको छ।

युगाण्डाले दिएको ९२ रनको लक्ष्य पछ्याएको नेपाल १७.१ ओभरमा ५१ रनमा अलआउट भयो। कविता जोशीले सर्वाधिक १२ रन बनाइन् भने इन्दु बर्माले ११ रन बनाइन्। पाँचजना खेलाडीले खाता नै खोल्न सकेनन्। १ रनमै पहिलो विकेट गुमाएको नेपालले १५ रनमा दोस्रो तथा १७ रनमा तेस्रो र चौथो विकेट गुमाएको थियो भने ३० रन जोड्दा ६ विकेट गुमिसकेको थियो। युगाण्डाका इमाकुलेट नाकिसुयीले ४ ओभरमा १० रन दिएर ३ विकेट लिइन्। इरेने मुटनीले ३ ओभरमा १० रन दिएर ३ विकेट लिइन्। जानेत माबाजी र कोन्सी लेटले १-१ विकेट लिए।

त्यसअघि एन्टेबे मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको युगाण्डाले २० ओभरमा ५ विकेट गुमाएर ९१ रन बनाउँदै ९२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। युगाण्डाका लागि रिता मुसामालीले सर्वाधिक ३८ रन बनाइन्। इस्थर इलोकुले २२ रन बनाइन्। स्टेफानी नाम्पिना १३ रनमा नटआउट रहिन्। नेपालका लागि रिया शर्माले ४ ओभरमा १६ रन दिएर २ विकेट लिइन्। पुजा महतो, ईश्वरी विष्ट र रुबिना क्षेत्रीले १-१ विकेट लिए। हालसम्म खेलेका पाँचमध्ये चार खेलमा पराजित भएको नेपालको अब शीर्ष २ मा परेर फाइनल खेल्ने सम्भावना सकिएको छ। नेपालको ५ खेलमा २ अंक मात्र छ। युगाण्डा, नामिबिया र हङकङको समान ६ अंक छ। अब भोलि हुने अन्तिम दिनको खेलपछि फाइनल खेल्ने दुई टिमको टुंगो लाग्नेछ।






# आप्रवासन बेथितिमा संसद् किन मौन ?

-अब एक पटक पुरानो जिल्ला र गाविसहरूका सीमा बिर्सिएर स्थानीय तहको नयाँ सीमांकन गर्नुपर्छ। प्रदेशको तुलनामा स्थानीय सरकारको सेवा प्रवाह र उपस्थिति निकै कसिलो छ। राजनीतिक र सामाजिक रूपमा स्थानीय सरकारले बलियो उपस्थिति देखाएको छ। तर पनि स्थानीय सरकारले भनेजस्तो सेवा प्रवाह गर्न सकेको छैन।

स्थानीय सरकारका प्रतिनिधिहरू पनि यस मामलामा सहमत छन्। त्यसो हो भने अहिलेसम्मको अभ्यासका आधारमा सिक्नुपर्ने, संघ वा प्रदेश सरकारले गहिरो र रचनात्मक प्राज्ञिक ढाँचामा समीक्षा गर्नुपर्ने बेला आइसकेको हो। तर, यस्तो अनुसन्धानमा न प्रदेशको रुचि छ न संघ सरकारको। स्थानीय सरकार र कर्मचारीको सम्बन्ध: अहिले २०० हाराहारी स्थानीय तहमा कार्यकारी अधिकृत छैनन्। त्यसले धेरै पालिकाका काम प्रभावित भएका छन्। मधेशको एउटा गाउँपालिकाको अध्यक्षलाई रोजगारीसम्बन्धी गुरुयोजना बनाउन मन थियो। स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने कुरा उनको प्राथमिकताको सवाल थियो। एक वर्षदेखि कार्यकारी नपाएर उनको योजना अगाडि बढेको छैन। बागमती प्रदेशको एउटा गाउँपालिकाले कृषि उत्पादन बढाउने रणनीति र पर्यटनको योजना अगाडि सार्न खोजे। मसँगको छलफलमा अन्तिममा उनले भने- अब सही चल्ने मान्छेसँग छलफल गर्छु। सही चल्ने मान्छे भन्नाले कार्यकारी अधिकृत लक्षित थियो। सही चल्ने मान्छे कहिले बिदामा बस्छन्, कहिले लोक सेवाको तयारी गर्छन्। कहिले सिंहदरबारमा काम पर्छ। विगत ६ महिनादेखि उनको योजना अगाडि बढेन र उनी थाकिसके। पहिलो स्थानीय सरकारका बेला एउटा छलफल कार्यक्रममा मेयरले आफ्नो मन्तव्यमा राखे- म अब स्थानीय अर्थतन्त्र सबलीकरण गर्ने अध्ययन गर्छु। काठमाडौंको छलफलपछि उनी आफ्नो नगरपालिका फर्के र अध्ययन अगाडि बढाउन खोजे।

कार्यकारी अधिकृतले जिकिर गरेर यस्तो अध्ययन भइसकेको भन्दै प्रतिवेदन देखाए। धेरैपछिको भेटमा मैले उनलाई सोधें- तपाईंको स्थानीय अर्थतन्त्रसम्बन्धी अध्ययन कहाँ पुग्यो ? उनको जवाफ थियो- कार्यकारी अधिकृतले भइसकेको छ भनेर रोकियो। मैले थप प्रश्न गरें, अध्ययन तपाईंले भनेजस्तै थियो ? थिएन, तर थप अध्ययन गर्न कार्यकारी अधिकृत मानेनन्। माथिका घटनाबाट कर्मचारी र जनप्रतिनिधिको सम्बन्ध स्पष्ट हुन्छ। स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरूले नियमभित्र बसेर आफ्नो मान्यता र रणनीतिमा काम गर्न पाउँदैनन्। संघीय लोकतान्त्रिक गणतन्त्रमा जननिर्वाचित प्रतिनिधिले दृष्टिकोण दिने हो। त्यो दृष्टिकोणलाई कर्मचारीले लागू गर्ने हो। तर पाइला-पाइलामा अंकुश छ। स्थानीय सरकारले पनि काम गर्न सकेन भन्ने भाष्य निर्माण हुँदै छ। स्थानीय सरकारका आफ्ना कमजोरी र सीमितता छन्। तर कहिल्यै पुनःसंरचना नभएको पञ्चायतकालीन कर्मचारीतन्त्रले न त संघीयतालाई आत्मसात् गरेको छ न स्थानीय सरकारलाई। ठूलो अप्ठ्यारो लुकाएर राखिएको छ। यो एउटा पालिकाले उठाउन सम्भव धेरै हुँदैन। उठाइहाले पनि ठाउँ पाउँदैन। तर नगरपालिका महासंघ र गाउँपालिका महासंघले चुपचाप बस्नु भनेको चाहिँ अनौठो हो। कर्मचारी व्यवस्थापन कसरी गर्ने ? अहिलेको कर्मचारी व्यवस्थापनको जे प्रक्रिया छ, त्यसबाट स्थानीय सरकारले डेलिभरी दिन सक्छन् भन्ने विश्वास छैन। केही अपवाद मेयरहरूले आफ्नो व्यक्तित्व देखाएर काम गर्न सक्नेबाहेक ९५ प्रतिशतभन्दा धेरै मेयरहरू कर्मचारीसँग लडेर आफ्नो




दृष्टिकोणलाई कार्यान्वयन गर्न सक्ने देखिएन। संघबाट पठाइएका कर्मचारीहरूको स्थानीय सरकारप्रति उत्तरदायित्व र जवाफदेहिता केही पनि छैन। कोही असल कर्मचारी भएर काम गरे बेग्लै कुरा हो। अब नयाँ व्यवस्थापनमा जानुपर्छ।

संघबाट स्थानीय सरकारलाई कर्मचारी खटाउने प्रचलन कानुनी रूपमै संशोधन गर्नुपर्छ। स्थानीय सरकारले आफूलाई चाहिएको कर्मचारी आफैं नियुक्त गर्छ। आफ्नो विशेषता र आवश्यकतामा आधारित भएर नियुक्त गर्छ। स्थानीय सरकार सञ्चालन ऐनले यति प्रतिशत रकम कर्मचारी व्यवस्थापनमा खर्च गर्न पाइनेछ भन्ने प्रावधान राखिदिए पुग्छ। यसरी स्थानीय सरकारले नियुक्त गरेका कर्मचारीहरू स्थायी हुँदैनन्। यो पाँचवर्षे करार सेवा हुन्छ। कसैको काम चित्त बुझेन भने एक वर्षमै अवकाश दिन्छ। नियुक्ति र अवकाशको अधिकार स्थानीय सरकारसँग भयो भने मात्रै कर्मचारीहरू उत्तरदायी र जवाफदेही हुन्छन्। यो स्थानीय सरकारको मामलामा मात्रै होइन, संस्थागत व्यवस्थापनको दृष्टिले पनि सामान्य सिद्धान्त हो। यसको एउटा सुन्दर पक्ष पशुपालन वृद्धि गर्न सक्ने पालिका छ भने पशुपालन जानकार कर्मचारी धेरै राख्छ। स्याउ वा ओखर वृद्धि गर्न सकिनेछ भने त्यहीअनुसारको जनशक्ति करारमा राख्छ। यी दुई उदाहरण मात्रै हुन्। आफूलाई आवश्यकताअनुसार कर्मचारी राख्न पाउने अधिकारको सम्मान हुन्छ। अहिलेको कर्मचारी व्यवस्थापन एकरूपतामा छ। काठमाडौंमा जिल्ला वन कार्यालयमा एउटा जिल्ला वन अधिकृत छ।

उसको काम कति हो ? धेरै वन क्षेत्रफल भएको जिल्लामा पनि एउटै वन अधिकृत छ। यो अमिल्दो कुरा हो। कस्ता कर्मचारी, कुन दक्षताका कति चाहिन्छन् र कसरी काम लाउने भन्ने कुरा स्थानीय सरकारको जिम्मामा छोडिनुपर्छ। यस्तो प्रस्ताव राख्नेबित्तिकै एउटा प्रश्न आउँछ- स्थानीय सरकार र निर्वाचित प्रतिनिधिले साला, साली, जेठान राख्छन्, भ्रष्टाचार गर्न झन् सजिलो बनाउँछन्। यसका कारण कुशासन बढ्छ भन्ने तर्क अगाडि सारिन्छ। यस्तो तर्क स्थानीय सरकारमाथिको अविश्वास हो।

साभार : कान्तिपर।

## बिमालेख हरायो

जलेश्वरबाट जनकपुर तर्फ आईरहेको बेला तपसिल बमोजिमको विमालेख हराएको हुँदा सम्बन्धीत शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

नाम : मनोज कुमार ठाकुर
बिमालेखः 170019824
ठेगानाः जनकपुरधाम उपमहानगरपालिका-११
मोबाईल नं. : ९८०४८४०२४१




जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल







मुखियापट्टी मुसहरनिया गाउपालिका
गाउ कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday